# नरहरिनाथ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कुमालगाउँ, कालीकोट
कर्णाली प्रदेश, नेपाल ।

पत्र संख्याः २०८२/२०८३
चलानी नं.

मितिः २०८२/०५/२०

**नदीजन्य पदार्थ उत्खनन र घाटगद्दी गरी बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको दरभाउ पत्र आह्वान सम्बन्धी सूचना**

***प्रथम पटक प्रकाशित मिति २०८२।०५।२१***

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (प७) बमोजिम नरहरिनाथ गाउँपालिकाले तोकेका तपसिलका नदीहरुको स्वीकृत घाटहरुबाट स्वीकृत प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन IEE मा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी घाटगद्दी गर्न र घाटगद्दीबाट गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.०८१।०८२ को करचुक्ता प्रमाणपत्र संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही दरभाउ पत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क.स. | ठेक्का नं. | ठेक्काको नाम | उत्पादन परिमाण (घ.मि.) | न्यूनतम ठेक्का रकम मु.अ.क. सहित | धरौटी रकम | दरभाउ पत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | NNRM/W/SQ/01/082-083 | ढुङ्गा, गिट्टी, बालुवा ग्राभेल उत्खनन, संकलन तथा बिक्री वितरण (नरहरिनाथ गाउँपालिकाको लालिघाट नदिबगर क्षेत्र) | ८८१३.८८ | १७,५८,३८२.२८ | कबोल अंकको ५% | १०००।०० |

**नदीजन्य पदार्थहरु उत्खनन, घाटगद्दी र बिक्री वितरण गर्ने शर्तहरुः**

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व.०८१।०८२ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, दरभाउ पत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा कृषि विकास बैंक लि.कुमालगाउँ शाखामा रहेको यस कार्यालयको १.१ आन्तरिक राजश्व खाता नं. ०७२६००१५७४६७२२२३ मा ***SuTRA Revenue Module Bank Interface*** मार्फत नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो प्रकाशन भएको मितिले १६औं दिनको कार्यालय समयभित्र २०८२।०६।०५ गते कार्यालयबाट दरभाउ पत्र फाराम खरिद गर्न सकिनेछ र खरिद भएको दरभाउ पत्र न्यूनतम ठेक्का रकम (मु.अ.कर सहित) को बढी बढाऊमा भरी १६औं दिन २०८२।०६।०५ दिनको १२:०० बजेसम्म यस कार्यालयमा दाखिला गर्नुपर्नेछ र राजश्व खातामा जम्मा गरेको

भौचरलाई दरभाउ पंत्र कागजात साथ पेश गर्नुपर्नेछ । खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२. दरभाउ पत्र भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिईनेछ। आफुले कबोल गरेको अंकको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम कृषि विकास बैंक लि. कुमालगाउँ शाखामा रहेको यस कार्यालयका स्थानिय तह धरौटी खाता नं. ०७२६००१५७४६७२०९६ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १६७(५) बमोजिम नेपाल राष्ट्र बैंकबाट क वर्ग ईजाजत प्राप्त बाणिज्य बैंकबाट यस कार्यालयको नाममा ठेक्का नं. र नाम उल्लेख गरी ९० दिनको म्याद सहित जारी गरिएको विडवण्ड शिलबन्दी दरभाउ पत्र साथ पेश गर्नुपर्ने छ ।

३. खरिद गरेको दरभाउ पत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, ठेक्का विवरण प्रोपराइटरको नाम, ठेगाना, फोन नं., मोबाई नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई प्रथम पटक सूचना प्रकाशित भएको मितिले १६औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा दर्ता गर्न सकिने छ ।उक्त दिन बिदा परेमा उल्लेखित कार्यहरु विदा पछि कार्यालय खुलेको दिनमा हुनेछ ।

४. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउ पत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाईने छैन ।

५. रीतपूर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२/०५/२४ गते दिनको १:०० बजेदेखि कार्यालयका प्रतिनिधि, ठेकेदार वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिने छ । ठेकेदार वा निजको प्रतिनिधि दरभाउ पत्र खोल्ने समयमा उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्नेछैन ।विस्तृत जानकारीको लागि यस कार्यालयको website*:* ***http://narharinathmun.gov.np*** मा समेत हेर्न सकिनेछ ।

नरहरिनाथ गाउँ कार्यपालिकाको कार्यालय, कुमालगाउँ, कालिकोट, कर्णाली प्रदेश, २०७३

..............................
युवराज पौडेल
प्रमुख प्रशासकीय अधिकृत

Naraharinath Rural Municipality
Office Of The Rural Municipal Execitive
Kumalgaun,Kalikot
Karnali Province,Nepal

# BOQ

कामको नाम: ढुङ्गा, गिट्टी, बालुवा ग्राभेल उत्खनन, संकलन तथा बिक्री वितरण (नरहरिनाथ गाउँपालिकाको लालिघाट नदिबगर क्षेत्र)

F/Y 2082/083

| Item No | Description | Unit | Quantity | Rate | Total Cost (NRs.) | Rem. |
|---|---|---|---|---|---|---|
| १ | नदीजन्य पदार्थ उत्खनन र घाटगद्दी गरी बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको | Cum | 8,813.88 | | | |
| | A Total Vatale Items | | | | | |
| | B.Vatable Items with VAT@13% | | | | | |
| | Sub Total With VAT | | | | | |

Authorized Signature :
Name :
Designation :
Firm Name :
Official Seal :
Date :